# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, चैत २३ गते, २०८२ साल (संख्या ७२

## भाग ३

## सर्वोच्च अदालतको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३९

### सर्वोच्च अदालत (तेस्रो संशोधन) नियमावली, २०८२

सर्वोच्च अदालत नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३ मा संशोधन</u>** : सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :-

"३. **<u>अदालतको कार्य समय</u>** : (१) अदालतको कार्य समय पूर्ण बैठकले तोकेबमोजिम हुनेछ।

(२) नेपाल सरकारले सार्वजनिक बिदा हुने भनी तोकेको दिन र पूर्ण बैठकले अदालत बन्द रहने भनी तोकेको दिन अदालत बन्द रहनेछ।

(३) प्रधान न्यायाधीशले उपनियम (१) बमोजिमको अदालतको कार्य समयका अतिरिक्त अन्य समयमा र उपनियम (२) बमोजिमको अदालत बन्द रहने दिनमा समेत अदालतबाट कार्यसम्पादन गर्ने गरी तोक्न सक्नेछ।"

**आज्ञाले,**
**भद्रकाली पोखरेल**
**रजिस्ट्रार ।**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।